**CIVIC ACTION TEAMS**

# Nepal Coronavirus CivActs Campaign

अंक #७६

२७।७।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको प्रकृती

स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी सुनिश्चित गर्न एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत निम्न प्रकृतीका आयोजना सञ्चालन हुनेछन्:

**१. सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना**

(रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी निर्माण कार्य गर्ने - **क्यास फर कन्सट्रक्सन वर्क**)

**२. सार्वजनिक पूर्वाधार मर्मत सम्भारमा रोजगारमुलक आयोजना**

(स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने - **क्यास फर मेन्टिनेन्स वर्क**)

**३. श्रमिकको ज्याला रकममा साझेदारी आयोजना**

(सार्वजनिक क्षेत्रबाट कार्यान्वयनमा रहेका आयोजनामा सूचिकृत बेरोजगारलाई संलग्न गराई सो को लागि आवश्यक ज्याला बापतको रकम यस कार्यक्रमको पूर्ण वा आंशिक साझेदारी गर्ने - **लेवर वेज सेयरिङ**)

**४. अन्य सार्वजनिक क्षेत्रका आयोजना**

(सार्वजनिक रोजगारदाताले सञ्चालन गरेका निर्माण तथा अन्य कार्यमा श्रमिक माग भएमा रोजगार सेवा केन्द्रले सूचिकृत बेरोजगार खटाई काम गर्ने ।)

स्रोत: https://cutt.ly/hgLWNjU

# नेपाल अपडेट



कोरोना कहरविच पनि सुर्खेतको मालपोत कार्यालयमा सेवाग्राहीको भिड तस्विर दिपेन पुरी

तस्विर: दिनेश गौतम

**परिक्षण**

पिसिआर परिक्षण: १५,८४,३१७

पोजेटिभ: २,०४,२४२

उपचाररत: ३८,४६१

मृत्यु : ११८९

सन्चो भएका : १,६४,५९२






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



भिडभाड हुने मनोरञ्जनात्मक स्थलहरु पनि सरकारले खोल्ने अनुमती दियो रे ।

केवलकार, सहासिक प्रयटन, जंगल सफारी, संग्रहालय लगायत प्रयटनसँग सम्बन्धित सेवा तथा कार्यहरु स्वीकृत स्वास्थ्य मापदण्ड तथा सेवा सञ्चालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पालना हुने गरी सञ्चालनमा ल्याउने भनेको छ । तर, कोभिड - १९ संक्रमणको जोखिम विश्लेषण गरी यस्ता गतिविधिमा रोक लगाउन आवश्यक देखिएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा सम्बन्धित DCCMC ले आवश्यक निर्णय गर्न सक्नेछ ।

स्रोत: https://ccmc.gov.np/key_decisions/key%20dicision%202077.07.23.pdf



दशैं पछि फेरी अर्को चाड तिहार आउँदैछ । देउसी भैलो जस्ता गतिविधिले त संक्रमण बढ्ने जोखिम देखियो । सरकारले यस बारेमा के गर्दैछ ?

कोभिड - १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि घरभित्रै सुरक्षित तवरले बस्न, देउसी भैलो लगायतका भिडभाड हुने कार्यक्रममा सहभागी नहुन, बालबालिकालाई पनि त्यस्ता कार्यक्रममा नपठाउन गृह मन्त्रालयले सूचना सार्वजनिक गरेको छ । यसको बिपरित कार्य गरेमा कानुन बमोजिम कारवाही गरिने पनि जनाईएको छ ।

स्रोत: https://moha.gov.np/post/va-ja-niapa-ta-7



फेरी कोभिड - १९ का बिरामीको परीक्षण र उपचार नि:शुल्क हुने भनेको छ । वास्तविकता के हो ?

नेपाल सरकारले फेरी कोभिड - १९ को परीक्षण र उपचार गर्न सूचिकृत सरकारी प्रयोगशाला र सरकारी अस्पतालमा कोभिड - १९ को उपचार नि:शुल्क गर्ने भनेको छ । यो सेवा लक्षण वा चिन्ह देखिएका बिरामीमा लागु हुनेछ । तर, उल्लेखित व्यतिहरुले कुनै बीमा कम्पनीबाट कोरोना बीमा गरेको भएमा सबै परीक्षण र उपचार खर्च निजको बीमा रकमबाट व्यहोरिने छ । सक्षम, ईच्छुक र योगदान गर्न चाहनेले भने परीक्षण र उपचारमा योगदान गर्न सक्नेछन् ।

स्रोत: https://www.facebook.com/mohpnep/videos/1009717372864668



कर्णाली प्रदेश सरकारले उद्यम गर्न चाहने २ प्रतिशत व्याजमा १ करोडसम्म अनुदान दिँदैछ रे । के यो साँचो हो ? हो भने यो कसरी प्राप्त गर्ने ?

कर्णालीमा अब उद्यम गर्न चाहानेले वार्षिक २ प्रतिशत व्याजदरमा १ करोड सम्म ऋण पाउने भएका छन् । कृषि तथा पशुपंक्षी क्षेत्रमा लगानी गरी उत्पादन तथा उद्यम गर्न चाहनेका लागि प्रदेश सरकारले सस्तो व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गरेको हो । ऋण लिँदा धितो भने अनिवार्य राख्नु पर्नेछ । आफ्नो व्यवसायको प्रकृति र कार्ययोजना अनुसार १ लाखदेखि १ करोडसम्म ऋण लिन सकिनेछ । कृषि विकास बैंक मार्फत १० वटा जिल्लाका १८ वटा शाखाबाट २ प्रतिशत वार्षिक व्याजदरमा ऋण उपलब्ध गराउने गरी बैंक र मन्त्रालयबिच सम्झौता भएको छ ।

स्रोत: https://cutt.ly/SgNWO4n

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




COVID-19
को बारेमा बुझ्न नि:शुल्क हटलाईन
viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,५१,८४९ | १,३४,९३२ | ८४,०४२ | १,३५,१३२ | १,४६,७३५ | १,१९,४४२ | ४३,७९१ | २७,९४२ |
| नेपाली संक्रमित | ५,१५० | २,१०० | ४५१ | २६,५०० | ३,३५० | ३०० | ८१ | २७ |
| मृत्यु भएका नेपाली | ८३ | १२ | ३ | १८ | ६९ | १ | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## कतारको मौषमी फ्लु बिरुद्धको खोप र यूएईको एम्नेस्टी सम्बन्धी महत्वपूर्ण जानकारी

### कतार

कतारमा मौषमी फ्लु बिरुद्धको खोपका लागि ६ महिना देखी ५ बर्ष उमेरका बालबालिकाहरु, ५० बर्ष कटेका सबै नागरिक तथा मौषमी फ्लुले धेरै जोखिम निम्त्याउन सक्ने अवस्थामा रहेका सबै खाले दिर्घ रोगीहरु लगायत गर्भवती महिलाहरु प्राथमिकतामा रहेको जनाईएको छ । यो खोप हमद मेडिकल कर्पोरेशन अन्तर्गतका सबै क्लिनिक लगायत कतारका अन्य ४० भन्दा बढी निजी क्लिनिक र अस्पतालहरुमा पनि नि:शुल्क उपलब्ध छ । यो बिषयमा अझ धेरै जानकारी प्राप्त गर्न वा अपोइन्टमेण्ट लिनका लागि यहाँरुले १०७ मा कल गरेर अप्सन ४ वा ५ प्रेस गरेर क्रमश: हिन्दी वा अंग्रेजी भाषामा कुरा गर्न सक्नु हुनेछ ।

### यूएई

कोरोना महामारीलाई मध्यनजर गर्दै यूएई सरकारले मार्च १ भन्दा पहिले भिषा सकिएकाहरुका लागि बिना जरिवाना आफ्नो देश फर्किन पाउने नियम बनाएको छ । पहिले अगष्ट १८ सम्म दिईएको समयावधी परिमार्जन गरी नोभेम्वर १७ सम्म थपिएको छ । यदी यूएईमा मार्च भन्दा पहिले भिषा सकिएर अबैधानिक रुपमा बसीरहनु भएको छ भने, यो मौका अब केही दिन सम्म मात्र बाँकी छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

अन्य
रु. १,२४,७३,०००

## प्रदेश सरकारले गरेको खर्च



# $ फलो द मनी - खर्चको अर्थ

## आर्थिक वर्ष २०७७/७८ को पहिलो चौमासिकमा कोभिड - १९ को संक्रमण रोकथाम नियन्त्रण तथा उपचार व्यवस्थापनमा सरकारले गरेको रकम निकासा




नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ को पहिलो चौमासिक (साउन-कार्तिक) मा कोभिड - १९ को संक्रमण रोकथाम नियन्त्रण तथा उपचार व्यवस्थापनमा गरेको रकम निकासा सम्बन्धी जानकारी सार्वजनिक गरेको छ । जस अनुसार जम्मा रु. ६ अर्ब ८१ करोड ५९ लाख ६ हजार रकम निकासा गरेको देखिन्छ । उक्त निकासा रकम संघ, प्रदेश र स्थानीय तह मार्फत खर्च हुनेछ । हाई डिपेन्डेन्सी युनिट स्थापना गर्न सबै भन्दा धेरै ४८% रकम निकासा भएको छ । सरकारले आईसियु, भेन्टिलेटर र अस्पताल सुदृढिकरणका लागि रु. १ अर्ब २९ करोड ९० लाख रकम निकासा गरेको छ । त्यसै गरेर सरकारले संक्रमित व्यवस्थापन, कन्ट्याक्ट ट्रेसिङ, जोखिम भत्ता बापत रु. १ अर्ब १४ करोड २९ लाख ६ हजार रकम निकासा गरेको छ । अहिलेको अवस्था हेर्ने हो भने, कोभिड - १९ का धेरै बिरामी होम आईसोलेशनमा (करिब २८,०००) बसेकाछन् । जब की संस्थागत आईसोलेशनमा बस्नेको संख्या करिब १०,५१९ रहेको छ । त्यसैले १ अर्ब १४ करोड २९ लाख ६ हजार रकम संक्रमित व्यवस्थापन भन्दा पनि कन्ट्याक्ट ट्रेसिङ र जोखिम भत्तामा खर्च गर्न उपयुक्त हुन्छ । अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीले जोखिम भत्ता नपाएको गुनासो गरिरहँदा, यो बजेट बिनियोजन सान्दर्भिक छ । तर, सरकारले बजेट बिनियोजन गरेर मात्र पुग्दैन, उसले संघ, प्रदेश र स्थानीय तहमा तोकिएको शिर्षकमा प्रभावकारी रुपमा खर्च भएको सुनिश्चितता गर्न पनि उत्तिकै जरुरी छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# फ्रन्टलाईनर्स भोईसेस



## बिपना न्यौपाने

मेडिकल ल्याब टेक्नोलोजिस्ट, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

"सुरुमा एकदमै डर लाग्यो, बच्चा २ वर्ष भएकोले होला घरबाट जागिर छोडन दवाब आयो। महामारी त फेरी पनि आउन सक्छ, हरेक पटक भाग्दै जानु समाधान होइन भनेर अगाडी बढे । बिहान ९ बजे प्रयोगशाला आए पछि कति खेर घर जान पाउने हो थाहा हुँदैनथ्यो । PCR को DNA extraction को प्रकृया एकएक गरेर गर्नुपर्दथ्यो । एक पटकमा ९६ मनमुना मात्र परीक्षण गर्न मिल्थ्यो । तर, अहिले व्यवस्थापन राम्रो भएको छ । स्वचालित उपकरणले गर्दा DNA extraction गर्न सजिलो भएको छ । पहिले चार घण्टा लाग्नेमा, अहिले ४५ मिनेटमै ९६ ओटा नमुना परीक्षण गर्न सकिन्छ ।"



## अच्यूत गौतम

अध्यक्ष, पाणिनी गाउँपालिका, अर्घाखाँची

"अहिले टोलवासीहरु नै सचेत भएकाले बाहिरबाट पालिकामा प्रवेश गर्नेहरुलाई १५ दिन होम क्वारेन्टानमा राख्ने गरिएको छ । संघ र प्रदेश सरकारले सहयोग गर्नुको साटो लक्षण देखिएका बाहेकलाई पिसिआर परिक्षण नै बन्द गर्न निर्देशन दिएपछि पालिकामा दवाव थेग्न निक्कै गाह्रो भयो । घरमा ७ जनाको परिवार छ । ७४ बर्षिय बृद्ध बुवा हुनुहुन्छ । जनताको सेवा गर्नेछु भनेर निर्वाचित भएको जनप्रतिनिधि भएकाले सबैसँग भेटघाट गर्नुपर्ने बाध्यता छ । मेरो कारणले परिवारका अन्य सदस्य र पालिका भित्रका वासिन्दा कोहि पनि संक्रमित नहोउन भन्नेमा सचेत छु । "



## रबिन्द्र चौधरी

प्रमुख प्रसाशकीय अधिकृत, सुद्धोधन गाउँपालिका, रुपन्देही

"लकडाउन सुरुहुँदा रोल्पाको सदरमुकाम लिवाङबाट ६० किलोमिटर पूर्वद( क्षिणमा रहेको लुङ्ग्री गाउँपालिकामा थिए । सुरुका ८/१० दिन निकै डरलाग्यो । जनप्रतिनिधि र कर्मचारी जस्तोसुकै परिस्थितीमा पनि खटिनु पर्ने भएकाले क्वारेन्टाईन निर्माण र व्यवस्थापनमा खटिएँ । २०७७ असोज ७ गते देखी भने रुपन्देहीको सुद्धोधन गाउँपालिकामा कार्यरत छुँ । जनसंख्याको चाप, भिडभाड, व्यापारिक कृयाकलाप बढि हुने गरेकाले होला, स्वास्थ्य मापदण्ड पालना कम हुने गरेको देखिन्छ । यसले संक्रमण बढ्ने डर थपिएको छ ।"

# सार्क राष्ट्रमा कोभिड - १९ को अवस्था

## सार्क राष्ट्रमा कोभिड - १९ का सकृय संक्रमति, सञ्चो भएका र मृत्यु भएका व्यक्तिको संख्या




माथीको ग्राफमा सार्क राष्ट्रमा कोभिड - १९ का सकृय संक्रमति, सञ्चो भएका र मृत्यु भएका व्यक्तिको संख्या देखाईएको छ । सार्क राष्ट्र मध्ये सबै भन्दा राम्रो अवस्था भुटानको देखिन्छ । उसको जम्मा संक्रमित मध्ये ६ % मात्र सकृय संक्रमित रहेको छ । त्यसै गरेर मृत्यु दर पनि करिब ० % को हाराहारी छ । नेपालको भने मध्यम खालको अवस्था छ । उसको सञ्चो हुने प्रतिशत ८१.१% छ भने, मत्यु दर ०.६% रहेको छ । तर, जम्मा सकृय संक्रमित भने १८.४% रहेको छ । जुन श्रीलंका पछि दोस्रो बढी प्रतिशत हो । यसले नेपाल को अवस्था त्यती गम्भिर छैन भन्ने देखाउँछ, यद्यपी संक्रमण पुष्टि हुने दर अहिले पनि उच्च छ । अब प्रश्न उठ्छ, नेपालको अवस्था कहिले सामान्य होला ?

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs